नेपाल सरकार
# शिक्षक सेवा आयोग
सानोठिमी भक्तपुर

Email :
tscexamsection1@gmail.com
Website: www.tsc.gov.np

पत्रसंख्या २०८०/८१
चलानी नं. २२९९

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर
२०५६

मिति २०८०।८।२५

श्री शिक्षा विकास तथा समन्वय इकाई

७७ जिल्ला सबै ।

विषयः अध्यापन अनुमतिपत्र उत्तीर्ण भएको व्यहोरा प्रमाणित गर्ने सम्बन्धमा।

शिक्षक सेवा आयोगबाट प्रकाशित विज्ञापन नम्बर ३९/०७९/८० माध्यमिक तह, अध्यापन अनुमतिपत्र लिखित परीक्षाको नतिजा प्रकाशन गरिएकोमा उतीर्ण उम्मेदवारहरुको अध्यापन अनुमतिपत्र छपाई गरी वितरण गर्न केही समय लाग्ने भएकोले यदि कुनै उत्तीर्ण उम्मेदवारले कुनै विद्यालयबाट विज्ञापन भएको शिक्षक पदमा नियुक्तिका लागि आवेदन दिने प्रयोजन खुलाई अध्यापन अनुमतिपत्रको परीक्षामा उत्तीर्ण भएको प्रमाणित गरिदिन निम्नलिखित कागजात समेत संलग्न राखी निवेदन दिएमा यस आयोगको वेबसाइटमा प्रकाशित नतिजासँग भिडाई न्यूनतम योग्यता पूरा भएको यकिन गरी अध्यापन अनुमति पत्र उत्तीर्ण भएको व्यहोरा अधिकृतस्तरको कर्मचारीबाट प्रमाणित गरी दिने व्यवस्था हुन निर्देशानुसार अनुरोध गरिन्छ।

सुशिला कुमारी शाह
शाखा अधिकृत

<u>प्रमाणित गर्दा पेश गर्नु पर्ने कागजातहरु</u>

१. निवेदन
२. प्रवेशपत्रको प्रतिलिपि
३. नागरिकताको प्रमाणपत्रको प्रतिलिपि
४. शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि

   मान्यता प्राप्त शिक्षण संस्थाबाट शिक्षाशास्त्र संकायबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरेको वा अन्य सङ्कायबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरी शिक्षा विषयमा कम्तिमा १० महिने तालिम पूरा गरेको तर विज्ञान, गणित, अङ्ग्रेजी, लेखा, कम्प्युटर विज्ञान, कम्प्युटर इन्जिनियरिङ, सिभिल इन्जिनियरिङ, इलेक्ट्रिकल इन्जिनियरिङ, पशुपालन र बाली विज्ञान विषयबाट स्नातक वा स्नातकोत्तर तह उत्तीर्ण गरेकाको हकमा तालिम नलिए पनि हुनेछ ।